नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## मोबाइल फुड ल्याब भ्यान संचालन गरी परोपकार प्रसुती गृह तथा स्त्री रोग अस्पतालमा संचालित चमेनागृहको निरीक्षण अनुगमन सम्बन्धी प्रेस नोट

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले मोबाइल फुड ल्याब भ्यान संचालन गरी काठमाडौं महानगरपालिकासगको सहकार्यमा महानगरपालिकाका उप-प्रमुख श्री सुनिता डंगोलज्यू, का.म.न.पा प्रमुख ज्यूको विज्ञ सल्लाहकार श्री जीवन प्रभा लामाज्यू, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका निमित्त महानिर्देशक श्री सोम कान्त रिजालज्यू, का.म.न.पा. प्रमुख सल्लाहकार श्री सन्तोष गिरीज्यू, का.म.न.पा. निमित्त प्रमुख, नुरनिधि न्यौपानेज्यू तथा विभागका खाद्य निरीक्षण अधिकारीहरु समेतको टोली मार्फत मिति २०८१/१२/२१ गते थापाथलीस्थित परोपकार प्रसुती गृह तथा स्त्री रोग अस्पतालमा संचालित विभिन्न क्यान्टिनहरुको स्थलगत निरीक्षण अनुगमन तथा खाद्य पदार्थको नमूनाहरु परिक्षण गरिएको छ। काठमाडौं क्षेत्रमा मोबाइल फुड ल्याब भ्यान संचालन गरी खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर नियमन कार्यमा सहकार्य गर्ने गरी मिति २०८१/१२/०४ गते विभाग र महानगरपालिका बीच समझदारी गरिएको थियो।

प्रसुती गृह स्थित सुनिल क्यान्टिन तथा कपडा पसलमा निरीक्षण अनुगमन गर्दा सरसफाईमा कमि रहेको, फ्रिजमा भण्डारण व्यवस्थित नरहेको, भुईंमा रहेको टायल फुटेको अवस्थामा पाइएको, भेज र ननभेज खानेकुरा एकैठाउँ भण्डारण गरेको पाइएको थियो। उक्त क्यान्टिनमा बिक्री भइरहेका दूध तथा पानीको नमूना मोबाइल फुड ल्याब भ्यानमा परिक्षण गरिएकोमा नमूनामा कैफियत नपाएको। सो क्यान्टिनलाई सरसफाईमा ध्यान दिन, फ्रिजमा खानेकुराको उचित भण्डारण गर्न, भेज र ननभेज खानेकुरा अलग्गै भण्डारण गर्ने व्यवस्था मिलाउन, क्यान्टिनको भुईं तथा भित्ताको फुटेको टायलको मर्मत गर्नका साथै खाद्य पदार्थ भण्डारण गर्ने कक्ष यथाशिघ्र व्यवस्थित गरी विभागमा जानकारी गराउन निर्देशन दिइएको छ।

यसै गरी मनकामनामाई क्यान्टिनमा निरीक्षण अनुगमनमा सरसफाइमा कमि रहेको, खाद्य पदार्थको भण्डारण व्यवस्थित नरहेको, झ्याल तथा ढोकामा जाली नभएको, भेज र ननभेज खानेकुरा एकैठाउँ भण्डारण गरेको पाइएको थियो। सो क्यान्टिनमा तयारी गरी बिक्री वितरणमा रहेको समोसाको नमूनामा थप परीक्षणका लागि नमूना सकलन गर्नुका साथै क्यान्टिनमा बिक्री भइरहेका दुध तथा पिउने पानीको नमूना मोबाइल फुड ल्याब भ्यानमा परिक्षण गरिएकोमा कैफियत नपाइएको। उक्त

क्यान्टिनलाई सरसफाईमा ध्यान दिन, फ्रिजमा खानेकुराको उचित भण्डारण गर्न, भेज र ननभेज खानेकुरा अलग्गै भण्डारण गर्ने व्यवस्था मिलाउन तथा झ्याल तथा ढोकामा पेष्ट नियन्त्रणका लागि जाली राख्न निर्देशन दिएको छ।

यसैगरी क्याफे केयर प्रा. लि. थापाथलीको निरीक्षण अनुगमनमा सरसफाई अवस्था सामान्य रहेको तर फ्रिजमा भण्डारण व्यवस्थित नरहेको, भेज र ननभेज खानेकुरा एकैठाउँ भण्डारण गरेको पाइएको थियो। उक्त क्यान्टिनमा बिक्रीवितरणमा रहेको क्रिम डोनटको थप परीक्षणका लागि नमुना संकलन गर्नुका साथै क्यान्टिनमा बिक्री वितरणमा रहेको दूध तथा पिउने पानीको नमूना मोबाइल फुड ल्याब भ्यानमा परिक्षण गरिएकोमा कैफियत नपाइएको। उक्त क्यान्टिनलाई सरसफाईमा ध्यान दिन, फ्रिजमा खानेकुराको उचित भण्डारण गर्न, भेज र ननभेज खानेकुरा अलग्गै भण्डारण गर्ने व्यवस्था मिलाउन तथा खाद्य पदार्थ भण्डारण गर्ने कक्ष व्यवस्थित गर्न निर्देशन दिइएको छ।

परोपकार प्रसुती गृह तथा स्त्री रोग अस्पतालमा संचालित उपरोक्त विभिन्न क्यान्टिनहरुको स्थलगत निरीक्षण अनुगमन तथा बिक्रीवितरणमा रहेका दूध तथा पिउने पानी सहितका ६ थान नमूनाहरु संकलन गरी तत्काल मोबाइल फुड ल्याब भ्यान मार्फत स्थलगत परिक्षण गरेकोमा कैफियत नपाएको। उक्त क्यान्टिनहरुलाई सरसफाईमा ध्यान दिन र खाद्य पदार्थको भण्डारण व्यवस्थित गर्न निर्देशन दिएको व्यहोरा सर्वसाधारण सबैको जानकारीका लागि अनुरोध छ।

मोहन कृष्ण महर्जन
प्रवक्ता
२०८१/१२/२१